# कालिका नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

प्रसिद्ध कालिका भवानी मन्दिरको नामबाट नामाकरण गरिएको कालिका नगरपलिका ऐतिहासिक, सामाजिक, आर्थिक, राजनितिक, धार्मिक तथा साँस्कृतिक आयमबाट अग्रणी रुपमा पहिचान बनाएको नगरपालिका हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित चितवन जिल्लाको पूर्वि उत्तर भागमा अवस्थित यस नगरपालिका २०७१ असोज १ गते नेपाल सरकारद्धारा साविकका तीन गा.बि.स. हरु शक्तिखोर, पदमपुर र जुटपानीलाई मिलाई घोषणा भएकोमा राज्य पूर्नसंरचना गर्दा साविकको सिद्धि गा.बि.स. लाई मिलाई २०७३ फागुन २७ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार कालिका नगरपालिका घोषणा गरिएको हो । यस नगरपालिकालाई ११ वटा वडाहरुमा विभाजन गरिएको छ जसको स्थायी केन्द्र रेडक्रसग्राममा रहने भएतापनि हाल अस्थायी रुपमा वडा न ६ कमलचोकमा अवस्थित छ ।

विश्व मानचित्रमा २७.१ डिग्री देखी २७.१५ डिग्री उत्तरी अक्षाशं र ८३.१ डिग्री देखी ८३.४१ डिग्री दक्षिणी देशान्तरमा अवस्थित १४९.०८ बर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा राप्ती र खैरहनी नगरपालिका, पश्चिममा भरतपुर महानगरपालिका, उत्तरमा ईच्छाकामना गाँउपालिका र धादिङको बेनिघाट रोराङ गाँउपालिका र दक्षिणमा रत्ननगर,खैरहनी र राप्ती नगरपालिकाहरु रहेका छन। करिब १३ हजार घरधुरी र परिवारको औसत आकार ४.२६ रहेको यस नगरपालिकामा कुल जनसंख्या ५२,१६४ मध्ये २६,६७३ महिला र २५,४९१ पूरुष  रहेको जसमा जनघनत्व ३५० र लैङ्गिक अनुपात ९५.५७ छ (राष्टिय जनगणना,२०७८) ।

भौगोलिक हिसावले समथर र पहाडी भू-भाग मिश्रित यस नगरपालिका कृषि मुख्यत खाधान्न वाली धान, मकै, लगायत तेलहन र तरकारी वाली उत्पादनको लागि उर्वर रहेको छ। यस नगरपालिकामा किसानहरु हालका दिनहरुमा पशुपालन, मौरीपालन, केरा खेती, मौसमी तथा बेमौसमी तरकारी खेती लगायत नगदेवाली तर्फ आकर्षित हुदै व्यावसायिक रुपमा उद्यमशिलता तर्फ जोडीएका छन। सवै वडा तथा अधिकाँश टोलहरु सडक सञ्जाल संग जोडिएको यस नगरपालिका भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकासको हिसावले स्तरोन्नतीको चरणमा रहेको छासाँस्कृतिक विविधता युक्त यस नगरपालिकामा कालिका मन्दिर, दुर्गाभगवती मन्दिर, ढोकुन थार्वालिङ र त्रिरत्न गुम्बा लगायत विविध धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक धरोहर र भिमवली पार्क, उदयपुर पार्क, सिन्ती झरना, गैरीवारी झरना, चित्राम झरना जस्ता पर्यापर्यटनको सम्भावना वोकेको क्षेत्रहरु रहेका छन । आदिबासी चेपाङ, चौधरी, तामाङ, गुरुङ लगायत समुदायको बाहुल्यता रहेको यस नगरपालिका पछिल्लो समय शहरिकरण तथा औधोगिकीकरण तर्फ उन्मुख हुदै गएको छ। कृषि, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकास **“समृद कालिका तथा सुखी कालिकाबासि”** को आधारको रुपमा रहेको देखिन्छ ।

**नगरसभा सदस्य ज्यूहरु**,

नेपाली जनताको लोकतान्त्रिक गणतन्त्र, समानता र विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसात् गर्दै राज्य प्रणालीको क्रमश: रुपान्तरण हुँदै आएको छ। राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रीकृत ढाँचाको स्वरुपमा आमुल परिवर्तन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका साथै बेपत्ता तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यसै क्रममा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु।

कालिका नगरपालिकाका आदरणीय नगरबासी आमा, बुवा, दाजु भाई, दिदी बहिनी लगायत समस्त शुभेच्छुकहरूको आशिर्वाद, विश्वास, भरोसा, माया, हौसला एवम् रचनात्मक सहयोगका कारण कालिका नगरपालिकाको **"समृद्ध कालिका, सुखी कालिकाबासी"** भन्ने नाराका साथ नगरपालिकाको समग्र विकास, सुशासन र समृद्धिको यात्रा अपेक्षाकृत रुपमा अगाडि बढिरहेको छ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालीन सोच र बागमती प्रदेश सरकारको **"सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोचसँग तादम्यता गर्दै **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालीन लक्ष्य प्राप्ति गर्न** आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम लक्षित रहनेछ।

समृद्ध कालिका निर्माणको लागि छुवाछुत तथा सबै खाले जातीय विभेदको अन्त्य गरी धार्मिक रुपले सहिष्णुता तथा आर्थिक, सामाजिक र शैक्षिक रुपले समुन्नत समाजको निर्माण गर्न नेपालको संविधान र अन्य प्रचलित कानूनको भावनालाई नै यस नगरपालिकाले आफ्नो मूल नीति सम्झेको छ। विगत वर्षहरुमा छोटो अनुभव तथा पर्याप्त तयारी बिना नीति तथा कार्यक्रम ल्याई अगाडि बढेको जनसेवाको यो अविरल यात्रामा आज मेरो कार्यकालको चौथो नीति तथा कार्यक्रम तीन बर्षभन्दा बढीको अनुभव यहाँहरुको सुझाव तथा प्रतिक्रिया समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

जनताका असीमित अपेक्षा, कठिन पहाडी भू-बनोट, बहुजातीय, बहुभाषिक एवम् बहुसांस्कृतिक सामाजिक बनोट, नगरको न्यून आन्तरिक आम्दानी तथा देशव्यापी रुपमा देखिएको आर्थिक सङ्कट, रोजगारी र आय-आर्जनमा आएको सुस्तता तथा समग्र आर्थिक गतिविधिहरुको संकुचन समेतलाई मध्यनजर गर्दा यो आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्न त्यति सहज भइरहेको थिएन, तथापी हामी सिङ्गो नगरकार्यपालिका र नगरसभा हातमा हात राख्दै, एकताबद्ध हुँदै सामुहिक प्रयत्न गर्‍यौँ भने कालिकाको विकास र समृद्धि हाम्रै पालामा सम्भव बनाउन सकिन्छ भन्ने विश्वास र अठोटसाथ नगरपालिकाले गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको अनुभव र यस नगरपालिकामा रहनुभएका संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, विभिन्न तह र तप्काका महानुभावहरु, बुद्धिजिवीहरुको मार्गदर्शन, सल्लाह र सुझावलाई समेत समेटेर आगामी आर्थिक वर्ष २०८२/०८३ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## १ <u>सेवा प्रवाह तथा सुशासन</u>

१.१ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरिएको नेपालको संविधानमा स्थानीय तहलाई जनताको नजिकको सरकारको रूपमा अधिकार र जिम्मेवारी दिइएको छ । नगरबासीहरुको आशातित अपेक्षाहरुलाई पुरा गर्न नगरबासीको कुरा सुन्ने, भावना बुझ्ने, विश्वास र भरोसा गर्न सक्ने वातावरणको विकास गर्दै नगरबासीको मन जित्ने गरी कालिका नगरपालिकाको सेवा सुधार गरी प्रभावकारी सेवा प्रदान गरिनेछ।

१.२ नगरपालिका र वडा कार्यालयहरूबाट प्रदान गरिने सिफारिस, प्रमाणीकरण, व्यवसाय कर दर्ता लगायतका सेवाहरूलाई न्यूनतम सेवा प्रवाह मापदण्डका आधारमा एकरुपता तथा स्पष्टता कायम गर्दै क्रमशः सूचना प्रविधि को अधिकतम उपयोग गरिनेछ । नगरपालिकाको सूचना तथा सेवाहरूलाई सहज रुपमा प्रवाह हुने व्यवस्था मिलाइने छ ।

१.३ वडा नं. ९, १० र ११ मा उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, अपाङ्गता परिचय पत्र वितरण, सामाजिक सुरक्षा भत्ता वितरणका लगायतका कार्यका लागि **घुम्ती शिविर मार्फत् नगरबासीको घरदैलोमा सेवा प्रवाह**लाई निरन्तरता दिइने छ ।

१.४ **जनगुनासो सङ्कलन तथा सुनुवाई**को कार्यलाई सहज र प्रभावकारी बनाइनेछ । नागरिक सहायता कक्षबाट प्रदान गरिने सेवा थप प्रभावकारी बनाईनेछ ।

१.५ **भ्रष्ट्राचार विरूद्ध शुन्य सहनशीलता** अपनाइनेछ ।पारदर्शी, सहभागितामुलक, जवाफदेही सार्वजनिक प्रशासन, कानूनको शासन, आर्थिक अनुशासन तथा भ्रष्ट्राचारमुक्त प्रशासन कायम गरी सुशासनको प्रत्याभूति गराइनेछ।

१.६ नगरपालिकाबाट भएका सेवा प्रवाहलाई प्रभावकारी बनाउन **चौमासिक रुपमा सार्वजनिक सुनुवाई** गरिने कार्यलाई निरन्तरता दिइने छ ।

१.७ नगरपालिकामा **नगर प्रहरी बल** गठन गरिएकोमा नगरपालिका भित्रको बजार क्षेत्र व्यवस्थापन, पार्किङ्ग व्यवस्थापन, सार्वजनिक जग्गा, मठ मन्दिर, खोला नाला तथा घोल अतिक्रमण, नदीजन्य पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी, भवन नक्शा पास, फोहरमैला व्यवस्थापन लगायत नगरपालिकाले नियमन तथा नियन्त्रण गर्नु पर्ने अन्य कार्यहरुमा नगर प्रहरी बलको नियमित परिचालन गरिनेछ ।

१.८ नगरपालिका अन्तर्गतका सम्पूर्ण बिषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई निजहरुको सम्पादन गर्ने कामको आधारमा आवश्यकता पहिचान गर्नुका अलवा पुनर्ताजगी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

१.९ नगरपालिकाका जनप्रतिनिधि तथा बिषयगत समितिका पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य साझेदार संस्थाका पदाधिकारीहरुलाई आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु समेत सञ्चालन गरिनेछ ।

१.१० न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलाप कर्ताहरुको आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय सम्पादन गर्नका लागि क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन गरिनेछ ।

१.११ नगरपालिकाको **संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण** स्वीकृत गरी प्रत्येक शाखा तथा वडाहरुमा आवश्यकताको आधारमा कर्मचारी व्यवस्थापन गरी निजहरुले सम्पादन गर्ने काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण तोकी सेवा प्रवाह चुस्त दुरुस्त बनाउने कार्यको थालनी गरिनेछ ।

१.१२ बार्षिक खरिद योजना तयार गरी एक वर्षको लागि आवश्यक पर्ने एकै प्रकारका खरिदहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही विद्युतीय बोलपत्रको माध्यम प्रयोग गरी टेण्डर निस्कासन गरिँदै आएकोमा यसलाई अझ परिस्कृत गर्दै लगिनेछ।

१.१३ हालै नियुक्त भएका नगर प्रहरीहरुको क्षमता विकास गरी नगर प्रहरीहरुलाई उपयुक्त ढंगबाट परिचालन गरी नगरबासीहरुलाई प्रदान गरिने सेवामा जोडिने छ।

१.१४ कालिका नगरपालिका जनप्रतिनिधि, कर्मचारी, विद्यालय, शिक्षक, सामाजिक संघ संस्था, सहकारी संस्था , कृषक, उद्यमी लगायत क्षेत्रहरुमा **उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने** परिपाटीको विकास गर्न कार्यविधि तयार गरी कार्य थालनी गरिनेछ।

१.१५ कर्मचारीहरुको उच्च मनोबलका साथ सेवा प्रवाहमा क्षमता अभिवृद्धि गर्न अन्य नगरपालिकाले गरेका असल अभ्यास सिक्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था मिलाइने छ।

१.१६ नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुका लागि आवश्यकता पहिचानका आधारमा क्षमता अभिवृद्धि तालिम, IT Based तालिम र उच्च मनोबलका साथ सेवा प्रवाह गर्नका लागि अध्ययन अवलोकन भ्रमण सञ्चालन गरिनेछ।

## २ <u>शिक्षा, युवा तथा खेलकुद</u>

२.१ आधुनिक विधि र प्रविधिको प्रयोग गरी विद्यार्थीहरुलाई माध्यमिक तह पुरा गर्ने दर वृद्धि गर्ने रणनीति अपनाइ शिक्षामा सवैको पहुँच सुनिश्चित गरी दक्ष तथा सक्षम जनशक्ति उत्पादन गर्ने नीति लिइने छ।

२.२ नगर शिक्षा योजना अनुरुप शैक्षिक गुणस्तर सुधार र बिस्तार गरिने छ । विद्यालयमा विद्यार्थी नियमित गर्न र विद्यालय छाड्ने दर घटाउन दिवा खाजा कार्यक्रमलाई स्थानीय रैथाने बालीसँग आबद्ध गरी थप व्यवस्थित गरिने छ।

२.३ आर्थिक तथा सामाजिक रुपले पछाडि परेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन, टिकाउन, सिकाउन र बिकाउन "मेयर केयर कार्यक्रम (छात्रवृत्ति, शैक्षिक, सामग्री, पोशाक, स्वास्थ्य, आबास)" सञ्चालन गरिने छ।

२.४ नि:शुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्तिको व्यवस्था एवं स्यानिटरी प्याड वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ।

२.५ न्यूनतम गुणस्तरको मापदण्ड निर्धारण गरी सबै विद्यालयका प्रारम्भिक बाल विकास कक्षाहरुको पूर्वाधार विकास तथा शैक्षिक सामाग्रीको उपलब्धता सुनिश्चित गरिने छ।

२.६ शिक्षकको पेशागत क्षमता विकास गर्न विषयगत र सुचना प्रविधि प्रयोग सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२.७ विद्यालयमा रहेको विषयगत शिक्षक दरबन्दी अभाव तथा लामो बिदा बस्दा शिक्षक आपूर्ति गर्न गणित, विज्ञान र अंग्रेजी विषय शिक्षण गर्न सक्ने नगर स्वयंसेवक शिक्षक परिचालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

२.८ विद्यार्थी संख्या, भौगोलिक अवस्था, स्थानीय आवश्यकता र नगरस्तरीय परीक्षाको नतिजा विश्लेषणको आधारमा विद्यालयहरुको मुल्याङ्कन गरी शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई अगाडि बढाइनेछ।

२.९ दुर्गम वडाका सीमान्तकृत चेपाङ समुदायका बालबालिकालाई छात्राबासको प्रबन्ध गरिनेछ। नगर क्षेत्रका कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूलाई नगरभित्रै छात्राबास तथा विद्यालयहरूमा निःशुल्क खाना, वस्न र पठनपाठनको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२.१० कालिका नगरक्षेत्रभित्रको सीप कला संस्कृतिको संरक्षण सम्बर्द्धन गर्नको लागि कालिका कलाकेन्द्रको विकास तथा प्रवर्द्धन गरिनेछ सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

२.११ विद्यार्थीहरुलाई नियमित पठनपाठनका अतिरिक्त अन्य सिर्जनात्मक क्रियाकलापमा संलग्न गराउन एवं अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन अतिरिक्त क्रियाकलाप सञ्चालन, शैक्षिक प्रदर्शनी, शैक्षिक मेला सञ्चालन गरिनेछ।

२.१२ प्रत्येक शुक्रबार विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप र परियोजना कार्य सञ्चालन गरी शुक्रबारलाई विद्यालयमा किताब विहिन दिन (Book Free Day) को रुपमा व्यवस्थित गरिनेछ। स्थानीय प्राविधिकहरूसँग समन्वय गर्दै माध्यमिक तहका विद्यार्थीहरूलाई सीपशाला सञ्चालन गरी सामान्य मर्मतका काम सिकाइनेछ।

२.१३ वार्षिक शैक्षिक क्यालेण्डर अनुसार नगरस्तरीय खेलकुद, शैक्षिक प्रदर्शनी ,प्रतियोगिता ,अभिभावक भेला/बार्षिक उत्सव अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। यसको लागि विद्यालयहरुलाई आर्थिक तथा वस्तुगत सहयोग उपलब्ध गराइनेछ।

२.१४ विद्यालयको शिक्षण सिकाई क्रियाकलाप प्रविधिमैत्री वनाउन सूचना प्रविधिका सामग्रीको व्यवस्था गरिनेछ।

२.१५ कक्षा एक देखि कक्षा आठसम्मको स्थानीय पाठ्यक्रम "मेरो प्यारो कालिका" को पाठ्यपुस्तक प्रकाशन, वितरण र पठन पाठनलाई निरन्तरता दिइनेछ।

२.१६ विद्यालयहरुको भौतिक संरचना र शिक्षण सिकाई अवस्थाको निरन्तर मुल्याङ्कन गर्दै आवश्यकताको आधारमा भौतिक संरचना वालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र प्रविधि मैत्री तवरले निर्माण, मर्मत संभार तथा सेवा सुविधा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२.१७ बालमैत्री वातावरण वातावरणीय अनुकुलन सौन्दर्यीकरण मार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

२.१८ विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं अभिभावक संघका पदाधिकारीहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रम साथै अभिभावक शिक्षा सञ्चालन गरिनेछ।

२.१९ संस्थागत तथा निजी विद्यालयहरूको प्रभावकारी नियमन गरिनेछ । संस्थागत विद्यालयहरूले प्रत्येक कक्षामा कम्तीमा १० प्रतिशत गरीब तथा विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था गरिनेछ।

२.२० कालिका नगरपालिका भित्र स्थायी बसोबास गर्ने र सामुदायिक विद्यालयमा अध्ययन गरी प्राविधिक शिक्षा अध्ययन गर्ने छात्र / छात्राहरुलाई प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२.२१ समायोजनबाट खाली हुने विद्यालयका भौतिक संरचनालाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

२.२२ 'गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ स्वस्थ शैक्षिक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न न्यूनतम गुणस्तरको मापदण्ड निर्धारण गरिनेछ। वार्षिक नतिजा तथा सिकाई उपलब्धि स्तरका आधारमा तहगत र विषयगत रुपमा विद्यालय, शिक्षक तथा उत्कृष्ट विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

२.२३ विद्यालयको व्यवस्थापकीय सुधार तथा सिकाई उपलब्धि बढाउन मापनयोग्य कार्य सम्पादन सूचक निर्माण गरी प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरिनेछ।

२.२४ "स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद" राष्ट्रिय नाराका साथ नगरक्षेत्र भित्र खेलकूद पूर्वाधार निर्माण र खेलकूद क्रियाकलाप तथा प्रतियोगिता आयोजना गरी खेलकूदको विकास र प्रवर्द्धन गरिनेछ । नगर खेलकूद विकास समिति गठन गरी एकद्वार प्रणाली मार्फत् खेलकूद क्षेत्रको व्यवस्थापन गरिनेछ साथै राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता, मेयर कप प्रतियोगिता एवं नगरस्तरीय विभिन्न खेलकूद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२.२५ खेलप्रति आकर्षित गर्न र टिकाइ राख्न प्रतिभावान् खेलाडी पहिचान, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ। मापदण्डको आधारमा जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुने र पदक प्राप्त गर्ने खेलाडीलाई नगद पुरस्कार तथा सम्मान गरिनेछ।

२.२६ क्रमशः "एक वडा, एक खेलमैदान" र "खुल्ला व्यायामशाला" बनाउने नीति लिइनेछ। योग ध्यान, मनोरञ्जनात्मक परम्परागत तथा संस्कृतिजन्य खेलकूदको प्रवर्द्धन गरिनेछ।

२.२७ शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी र निजी संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

२.२८ युवाहरूमा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमता विकास गराइनेछ। परिवार र समाजप्रति जिम्मेवार बनाउन सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण गरिनेछ। विकास निर्माण, वातावरण संरक्षण, सामाजिक सचेतनामा यूवाहरुको सहभागिता बढाउन यूवा स्वयम् सेवा अभियान सञ्चालन गरिनेछ।

२.२९ नेपाल प्रहरी र गैरसरकारी संस्थासँगको सहकार्यमा लागू औषध दुर्व्यसन नियन्त्रण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२.३० शिक्षकलाई शैक्षिक अनुसन्धानात्मक कार्यमा उत्प्ररित गर्न शिक्षक जर्नलको प्रकाशन गरिनेछ।

२.३१ नगरमा एक आधुनिक पुस्तकालयको स्थापना गरिनेछ।

२.३२ विद्यार्थीहरुमा सकरात्मक चिन्तन, विपद् व्यवस्थापन र नेतृत्व विकासका लागि कालिका नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्काउट ट्रुप अनिवार्य सञ्चालन गरिनेछ।

२.३३ समावेशी शिक्षा तथा स्रोत कक्षा व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गरिनेछ।

२.३४ सामुदायिक तथा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ।

२.३५ आधारभूत तह कक्षा ५ र ८ को परीक्षा नगरस्तरीय रुपमा सञ्चालन व्यस्थापन गरिनेछ सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

## ३ स्वास्थ्य सेवा प्रवाह

३.१ कालिका नगरपालिका अन्तरगत रहेका सबै वडाका स्वास्थ्य संस्था तथा नागरिक आरोग्य केन्द्रहरुको सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउदै लगिनेछ।

३.२ बहुक्षेत्रिय पोषण योजना (तेस्रो) ,सुरक्षित प्रसुती सेवा ,बालबालिकाको नियमित खोप ,पोषण सेवा,महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम, लगायतका क्षेत्रहरुको प्राथमिकतालाई निरन्तरता दिइनेछ |

३.३ ८० बर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अशक्त (रातो कार्ड) अपाङ्गता भएका व्यक्तिहरुको घरैमा गइ उपचार गर्ने ,सुत्केरी भएका महिलालाई घरभेट गरी आमा तथा नवाशिशु को स्वास्थ्य परीक्षण कार्यक्रम तथा ग्रामीण अल्ट्रासाउन्ड सेबालाई निरन्तरता दिइने छ |

३.४ स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयं सेविकाहरु तथा स्वास्थ्य वीमा दर्ता सहयोगीको मनोवल उच्च राखी समसामायिक ज्ञान तथा शीप सिकाउन विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।

३.५ पूर्ण खोप युक्त कालिका नगरपालिकालाई दिगोपना दिइने र सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिस्चिता गरिनेछ।

३.६ कालिका नगर अस्पतालको क्षमता विकास गरी दन्तरोग सेवा थप गर्नुको साथै बिरामी भर्ना गरी उपचार गर्ने (इन्डोर सेवा) संचालनमा ल्याइनेछ।

३.७ बिपन्न घर परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराउने कार्यलाई निरन्तरता दिइने छ।

३.८ स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था सुधार गरी स्वास्थ्य सेवा प्रभावकारी बनाइने छ।

३.९ निःशुल्क बितरण हुने औषधि तथा अन्य औषधिजन्य सामाग्रीको आपुर्तिलाई सहज बनाइने छ।

३.१० एच आइ भि संक्रमित ब्यक्तिहरुलाई उपचारमा सहजिकरण गर्न मासिक यातायात खर्चको ब्यबस्थालाई निरन्तरता दिइने छ।

३.११ एम. डि. आ.र टि. बि, बिषादी न्युनिकरण, स्वास्थ्य शिबिर जस्ता क्षेत्रहरुमा बिभिन्न संघ संस्थाहरु सँग साझेदारी गरी कार्य अगाडी बडाइने छ।

३.१२ आँखा उपचार सेवालाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

३.१३ कालिका नगरपालिकामा संचालित सबै स्वास्थ्य संस्थाहरुलाई क्रमश डिजिटलाइजेसन गर्न प्रदेश तथा संघ सरकार संग समन्वय गरिनेछ।

३.१४ नसर्ने रोगहरु, महिलाहरुको पाठेघरको मुखको क्यान्सर जाँच, स्तन क्यान्सर तथा आङ्ग खस्ने समस्याहरुको बेलैमा परिक्षण तथा स्क्रिनिङ्ग सेवालाई प्रभावकारी बनाउँदै लगिने छ।

३.१५ स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउनेको संख्या बृद्धी गर्न तथा ५ बर्ष मुनिका वालबालिकाहरुको पोषण अबस्था सुधार गर्नका लागि खाद्य तथा पोषण सुधारका कार्यक्रमहरुलाइ निरन्तरता दिइनुका साथै सुत्केरी पोषण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३.१६ माहामारीजन्य रोगहरुको बिरुद्ध तत्काल रोकथाम तथा नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु अगाडी बढाइनेछ।

३.१७ कालिका नगरपालिकालाई वि.स.२०८३ असोज मसान्त सम्म **बाल मैत्री नगरपालिका घोषणा** गर्ने अभियानका लागि स्वास्थ्य संग सम्बन्धीत सुचकहरुको कार्यान्वयन गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३.१८ मानसिक स्वास्थ्यको क्षेत्रमा ब्यापक जनचेतना तथा मनोसामाजिक परामर्श आवश्यक भएका ब्यक्तिहरुलाई प्रभावकारी परामर्श सेवा उपलब्ध गराइने छ।

## ४ महिला तथा बालबालिका तथा समाज कल्याण

४.१ सङ्घीय सरकारले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई स्थानीयकरण गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमालाई सहयोगका लागि लैससास (GESI) र लैङ्गिक उत्तरदायी बजेट (GRB) परीक्षण कार्यलाई निरन्तरता दिइने छ।

४.२ कालिका नगरपालिकालाई वि.स.२०८३ असोज मसान्त सम्म **बाल मैत्री नगरपालिका घोषणा** गर्ने अभियानका लागि विभिन्न किसिमका बालबिवाह विरुद्धको कार्यक्रम, बालश्रम विरुद्धको कार्यक्रम तथा विभिन्न किसिमका बाल हिंसाजन्य कार्यहरुलाइ निरुत्साहित पार्ने सचेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

४.३ बालबालिकाहरुलाइ खेल्दै सिक्नका लागि नगरपालिका स्तरीय **बाल उद्यान सहित सिकाइ केन्द्र**को स्थापना गरिनेछ।

४.४ **"बालबालिकासँग उपमेयर कार्यक्रम"** अन्तरगत आमा वा बाबु विहिन, भौगोलिक विकटतामा रहेका, सीमान्तकृत तथा विपन्न बालबालिकाहरुलाई अध्ययनमा सहयोगको लागि निशुल्क शैक्षिक सामग्रीहरु वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ।

४.५ अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचका लागि आवश्यकता अनुसार वडाहरुमा परिचय पत्र वितरण घुम्ती शिविर कार्यक्रमहरु निरन्तरता दिदै ग बर्गको अपाङ्गता भएका व्यक्तिहरुको लागि आर्थिक सहायता तथा क्षमता विकासको लागि बिशेष कार्यक्रमहरु संचालन गरिनेछ।

४.६ एकल महिलाहरुको लागि क्षमता विकास तथा व्यक्तित्व विकास तालिमहरु कार्यक्रम सञ्चालन गरिने छ।

४.७ द्धन्द पिडित तथा प्रभावित महिला तथा बालिकाहरुको समष्टिगत अवस्था विश्लेषण गरि उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ।

४.८ ज्येष्ठ नागरिकहरुलाई सेवा, सुविधा सहज पहुँचका लागि परिचय पत्र वितरण, स्वास्थ्य परीक्षण, पौष्टिक आहार सहित विश्राम स्थल, धार्मिक भ्रमण, पुस्तान्तरण बीच अनुभव आदान प्रदान तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४.९ महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक सम्बन्धी दिवसीय कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।साथै आवश्यकता अनुसार मनोपरामर्श सेवा उपलव्ध गराइनेछ।

४.१० महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न असहाय, दलित आदिबासी, जनजाति तथा सीमान्तकृत महिला, द्धन्द पिडित तथा प्रभावित महिला तथा बालिका, लैङ्गिक अल्पसंख्यकहरुलाई टेवा पुग्ने खालका सीपमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

४.११ नगर/वडा स्तरमा नेतृत्व विकास तालिम, क्षमता विकास, सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

४.१२ किशोर किशोरीहरुका लागि लोकसेवा तयारी कक्षा, पाक शिक्षा, वारिष्टा, व्युटिसियन र ड्राइभिङ लगायतका स्वरोजगार गराउने लगायतका अन्य कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिनेछ।

४.१३ लैङ्गिक हिंसा निवारणका लागी हिंसाजन्य दुर्व्यवहार, जोखिममा परेका महिलाहरुलाई तत्काल उद्धार गर्न **लैङ्गिक हिंसा निवारण कोष** तथा बालबालिकाहरुका लागि **बाल संरक्षण कोष** परिचालन गरिनेछ।

## ५ <u>संघसंस्था/ गै.स.स. तर्फ</u>

५.१ विपन्न वर्गका लागि गै. स.सँग समन्वय र सहकार्य गरी विपन्न आवास कार्यक्रम सञ्चालन गरिनेछ।

५.२ गैरसरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रमा कार्य गर्दा अनिवार्य सूचीकृत गरि नगरपालिका र वडा संगको सहकार्यमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

५.३ गैरसरकारी संस्थाहरुले नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माण गर्दा नगरपालिकाको नीति भित्र रही संचालन गर्ने नीति अवलम्वन गरिनेछ|

५.४ नगर सभाबाट प्रार्थमिकता परेका योजनाहरुमा नगरपालिका र गै .स.स. बीच लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

५.५ नगरपालिकाभित्र रहेका टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरि परिचालन विकास नीति लिइने छ।

५.६ स्थानीय तहहरु बीच सहकार्य गरि साझा अवधारणा अघि सारिनेछ ।स्वदेश तथा विदेशमा रहेका स्थानिय सरकारहरु विच भगिनी सम्वन्ध कायम गरिनेछ।

## ६ <u>पर्यटन र सांस्कृतिक विकास</u>

६.१ संमृद्ध कालिकाको पर्यटन क्षेत्रमा गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको योजना बैंक किताब तयार गरि अल्पकालिन, दीर्घकालीन महत्वको योजनाहरुलाई प्रथामिकीकरण गरि योजना कार्यक्रमहरु संचालन गर्ने रणनैतिक ब्यवस्था गरिनेछ | सोहि अनुरुप बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ |

६.२ नगरको पर्यटकिय स्थल सिन्ती झरना, गैरीवारी झरना, चित्राम झरना, भीमवली तथा उदयपुर पार्कहरुलाई सबलिकरण गरि आकर्षक, रमणीय र सुरक्षित गन्तब्य स्थलको रुपमा विकास गरिनेछ ।

६.३ नयाँ पर्यटकिय स्थलहरुको खोजी, विकास तथा सुद्धणीकरण गरि पर्या पर्यटन, धार्मिक तथा अन्य पर्यटकिय क्षेत्र संग सम्बन्धित पूर्वाधार विकासको नीति लिईनेछ |

६.४ धार्मिक मठमन्दिरलाई पर्यटन प्रबर्धनसंग जोडी एकिकृत पर्यटकिय विकासमा जोड दिईनेछ । नगरमा रहेका पुरातात्विक संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, संग्रहालयहरु, पानी घट्ट, जस्ता ऐतिहासिक महत्वका क्षेत्रहरुको पहिचान तथा संरक्षण गरिनेछ।

६.५ पर्यटन विकासको लागि कालिका नगरपालिका भित्रका पर्यटकिय क्षेत्रहरुको आधुनीक प्रविधी मार्फत प्रचार प्रसार कार्यक्रम गर्ने र आन्तरिक तथा बाह्य प्रयटकको लागि ग्रमिण पूर्वाधार विकास गरिनेछ।

६.६ साँस्कृतिक संरक्षण तथा संम्बर्धनको नीति लिदै सामाजिक तथा सास्कृतिक रुपान्तरण मार्फत सुरक्षित तथा सभ्य समाज निर्माण गरिनेछ।

६.७ लोपोन्मुख, सिमान्तकृत, अति सिमान्तकृत, सुविधा बाट बञ्चित, आदिबासि जनजाति, दलित लगायतका चाडबाड, प्रथा परम्परा, भेषभुषा, बाध्यवादन सामाग्री र रितिरिवाजलाई नगरपालिकाको पहिचान तथा गौरवको रुपमा विकास गर्दै पर्यटन संग जोड्ने निति लिइनेछ।

## ७ सुरक्षीत आप्रवासन सम्वन्धी कार्यक्रमहरू

७.१ सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) अन्तर्गत सामुदायिक मानसिक स्वास्थ्य ,विद्यालय मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य, जेष्ठनागरिक मानसिक स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिहरूको मनोपरामर्श लगायत टेलिमेन्टल हेल्थ सेवा जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

७.२ बैदेशिक रोजगारमा रहेका परिवार, वैदेशिक रोजगारमा जान चाहाने, बैदेशिक रोजगारबाट फर्केकालाई रोजगार, सिपमुलक तथा आयमूलक कार्यक्रम तय गरि संञ्चालन गरिनेछ।

## ८ पञ्जीकरण तथा सामाजिक सुरक्षा

८.१ व्यक्तिगत घटना दर्ता सम्बन्धि विभिन्न सचेतनामूलक कार्यक्रम टोल तथा बिद्यालय स्तरमा सञ्चालन गरिने छ।

८.२ सामाजिक सुरक्षा भत्ता वितरणमा पूर्ण रुपमा EFT (विद्युतिय भुक्तानी प्रणाली) अवलम्बन गरी सकिएकोमा यसलाई थप प्रभावकारी र सुदृढ गराउँदै बायोमेट्रिक प्रमाणीकरण प्रणाली पनि व्यवस्थित गरि पूर्ण रुपमा लागु गरिने छ।

८.३ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली नियमित रुपमा प्रकाशन गरिने छ।

८.४ स्थानीय पञ्जिकाधिकारी तथा पञ्जीकरण सम्बन्धी काम गर्ने कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।

८.५ व्यक्तिगत घटना दर्ता तथा यसको अभिलेखको प्रभावकारी ढंगले व्यवस्थापन गर्नका लागि थप पहल गरिनेछ।

८.६ नगरपालिकाका सवै नागरिकहरुलाई घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउनको लागि महिला स्वयंसेविका र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई परिचालन गर्ने र बालबालिकाहरुलाई दिइने दोस्रो खोपका लागि अनिवार्य रुपमा जन्मदर्ता प्रमाण पत्र पेश गर्नुपर्ने व्यवस्था मिलाउने गरी पाँच वर्षभित्रका सबै बालबालिकाहरुको जन्मदर्ता गर्ने व्यवस्था गरिनेछ।

## ९ <u>कृषि</u>

९.१ **"आर्थिक समृद्धिको आधार, कृषि तथा पशुपालन क्षेत्र बिस्तार"** को नीति लिई खाद्यान्न, तरकारी , फलफुल तथा दुग्धजन्य र मासुजन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाइनेछ। आधुनिक कृषि प्रविधि तथा उपकरणको प्रयोग गरी निर्वाहमुखी खेती अन्त्य गर्दै व्यवसायिकरण गरिनेछ।

९.२ कृषि क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकको रुपमा लिई कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई मल-बिउ वितरणमा अनुदान, प्राविधिक सहयोग र सतही तथा भूमिगत साना तथा मझौला सिँचाई आयोजना सञ्चालन गर्ने नीति लिईनेछ।

९.३ कृषि क्षेत्रको आधुनिकीकरण गर्न यान्त्रिक उपकरण खरिदमा अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ।

९.४ व्यवसायिक रुपमा कृषि उत्पादन गरी रोजगारी तथा स्वरोजगार सृजना गर्ने र सामूहिक खेती गर्ने कृषक समूहहरुलाई विशेष अनुदान दिईनेछ।

९.५ कृषि कार्यलाई उद्यमशिलाताको रुपमा स्थापना गर्ने तथा नयां प्रविधिको लागि तालिम, गोष्ठी, भ्रमण, कृषि मेला जस्ता कार्यक्रम संचालन गर्नुका साथै व्यवसायिक फर्महरूलाई यान्त्रिकीकरण गर्न अनुदानको व्यवस्था गरिनेछ|

९.६ ब्यवसायिक तरकारी तथा फलफूल उत्पादनलाई थप प्रभावकारी बनाउन प्राबिधिक सहयोग, गुणस्तरिय बिउ, बिजन/बिरुवा, भण्डारण तथा बजारीकरणमा आवश्यक सहयोगको व्यवस्था मिलाईनुका साथै उन्नत बिउ/बेर्नाको श्रोत केन्द्र स्थापना गरी संचालन गर्न समूह/सहकारीलाई प्रोत्साहित गरिनेछ|

९.७ खेतीयोग्य जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल विउको अभाव हुन दिईने छैन। कृषि क्षेत्रमा बढ्दो रासायनिक बिषादी तथा रासायनिक मलको प्रयोगले मानव स्वास्थ्य लगायत वातावरणलाई समेत असर पुग्ने भएकोले त्यसको प्रयोगलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विषादीका विकल्पहरुको रुपमा प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्राथामिकता दिईनेछ।

९.८ कालिका नगरपालिकालाई फूलमा आत्मनिर्भर बनाउन पुष्प व्यवसाय प्रवर्द्धनको लागि पुष्पखेती गर्ने कृषक, सहकारी संस्था, कृषि फर्म, टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ।

९.९ बाली संरक्षण र उत्पादनोपरान्त क्षति न्युनिकरणका लागि कृषकहरुलाई बिभिन्न प्रबिधि र सिप बिकास तालिम आयोजना गरिनेछ।

९.१० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका पकेट क्षेत्र (तरकारी, मौरीपालन,केरा, च्याउ) सन्चालनका लागि तोकिएको मापदण्ड र कार्यबिधि बमोजिम कार्यान्वयन गरिनेछ।

९.११ नगरपालिकालाई फलफूल उत्पादनमा आत्मनिर्भर बनाउन विभिन्न फलफूल जस्तै केरा, कागती, ड्रागन फल, आदीको प्रवर्द्धनमा विशेष जोड दिईनेछ।

९.१२ रैथाने बाली उत्पादनका संभावित क्षेत्रहरुमा कोदो, फापर, अदुवा, हलेदो, पिँडालु आदीको बिउ उपयोगमा अनुदान दिईनेछ।

९.१३ कालिका नगरपालिकाका किसानहरुको विस्तृत विवरण सहित उचित वर्गीकरण गरी कृषक परिचय पत्र प्रदान गर्ने उद्देश्य राखी किसान सूचिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९.१४ पालिका भित्र उत्पादन भएका बालीको तथाङ्क सङ्कलन गर्नका लागि धान, मकै, गहुँ, तोरी, आलु, आदी बालीको क्रप कटिङ सर्भे गरिनेछ।

९.१५ चेपाङ समुदायको उत्थानका लागि चिउरी चमेरो संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९.१६ अर्याग्नीक खेती प्रवर्द्धन गर्न प्राङ्गारिक मल, झोल मल र भर्मी कम्पोष्ट मल बनाई प्रयोग गर्ने किसानलाई अनुदान तथा प्राविधिक सहायता प्रदान गरिनेछ।

९.१७ कृषिक्षेत्र बिस्तार र लागत साझेदारीको आधारमा साना तथा मझौला सतही तथा भूमिगत सिंचाई प्रणाली विकास र बिस्तार गरिनेछ। कृषि प्रयोजनका लागि खनिएका बोरिङ्ग र सतही सिंचाईको मर्मत सम्भारमा आवश्यक सहयोग गरिनेछ।

## १० <u>पशुपन्छी विकास</u>

१०.१ पशुपन्छीका विभिन्न रोगहरुको निदान, उपचार तथा रोकथाम गरी स्चच्छ उत्पादनमा जोड दिँदै पशुपन्छीलाई आवश्यक पर्ने खोप तथा औषधीको निशुल्क व्यवस्था मिलाइने छ।

१०.२ पशुमा नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी उन्नत नश्लका पशुहरुको संख्या वृद्धिमा जोड दिइने छ।

१०.३ दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुध उत्पादनमा दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०.४ उत्पादन लागत कम गर्नको लागि घाँसमा आधारित पशुपालन तर्फ कृषकहरुलाइ आकर्षण गर्न घाँसको बिउ तथा बिरुवा निशुल्क वितरण गरिने छ। साथै ब्याबसायिक पशुपालन समबन्धी घुम्ति तालिम, घरदैलो पशु उपचार सेवा, सेवाको पहुँच पयार्प्त नहुने ठाँउमा पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

१०.५ आधुनिक पशुपन्छी पालन तथा पशुपन्छीजन्य उत्पादनको लागि आवश्यक यन्त्र, उपकरणहरुमा अनुदान साथै गोठ निर्माण/ खोर निर्माण / बायोफ्लक, माछा पोखरी निर्माण तथा सुधारको लागि अनुदान दिने नीतिलाई निरन्तरता दिईने छ।

१०.६ व्यवसायीक पशु पालक कृषक तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाइ स्वच्छ दुग्ध उत्पादन, प्रशोधन, विविधीकरण तथा बजारीकरणमा प्रोत्साहनका साथै आवश्यक अनुगमन एबम तालिमको प्रबन्ध मिलाइने छ।

१०.७ नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै नगर भित्रका मासु पसल, डेरीजन्य पसलहरुको अनुगमन, मुल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण तथा प्रोत्साहन गरिने छ।

१०.८ नेपाल सरकारले प्राथमिकतामा राखेको जुनोटिक रोग रेबिज उन्मुलनका लागि रेबिज विरुद्दको खोप कार्यलाई प्रभावकारी बनाउदै नगर भित्रका सामुदायिक कुकुर तथा बिरालोहरुको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै जनस्वास्थ्यसँग जोडिएको रेबिज उन्मुलनका लागी सरोकारवालाहरु सँगको अभिमुखिकरण गोष्ठि एबम् जनचेतना अभिबृद्दिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०.९ **"कालिकाको सान, विषादीमुक्त खानपान"** भन्ने नाराका आफु पनि विषादी रहित खाने र अरूलाई पनि खुवाउन रासायनिक मलको खपत क्रमशः घटाउदै प्राङ्गारिक मलको प्रयोग गरी खेती गर्न प्रोत्साहित गरिनेछ।

१०.१० कृषि तथा पशुपालन सहकारीसँग साझेदारी गरी प्राङ्गारिक मल तथा किटनाषक उत्पादन गर्ने उद्योग स्थापना, बिक्री वितरण गर्न सहकार्य गरिनेछ।

१०.११ मापदण्डको आधारमा उत्कृष्ट किसान तथा पशुपालक छनौट गरी **नगर कृषक सम्मान** प्रदान गरिनेछ ।

१०.१२ पशुपन्छी रोगहरुको रोकथाम / नियन्त्रण गरी स्वच्छ उत्पादनमा जोड दिँदै पशुपन्छीलाई आवश्यक पर्ने खोप तथा औषधी उपकरणको व्यवस्था मिलाइने छ।

१०.१३ उत्पादन लागत कम गर्नको लागि घाँसमा आधारित पशुपालन तर्फ कृषकहरुलाई आकर्षण गर्न घाँसको बिउ बिरुवामा अनुदान, पशु पालन तालिम, घरदैलो पशु उपचार सेवा,पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०.१४ व्यवसायीक पशु पालक कृषक तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई दुग्ध उत्पादन, प्रशोधन, विविधीकरण तथा बजारीकरणमा प्रोत्साहन गरिने छ।

१०.१५ दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रतिलिटर उत्पादनमा दिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०.१६ कृषि तथा पशु संग सम्बन्धित कार्यक्रमको लागि सहुलियत बिशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## ११ <u>खाद्य सुरक्षा</u>

११.१ **"मिठो मसिनो खाँउ, पोसिलो खाँउ तर खाना नफालौं"** भन्ने नाराका साथ नगरबासीलाई अर्गानिक उत्पादन गर्ने, पोसिलो खाना खाने, खानाको सम्मान तथा बचत गर्ने बानी तथा संस्कार विकास गराउने नीतिलाई निरन्तरता दिइनेछ।

११.२ नगरबासीलाई जग्गा बाँझो नराखी घरघरमा करेसाबारी बनाउन, रैथाने बाली लगाउन र अन्नको मान राख्न, परिवार तथा समुदायमा खाना नफाल्ने संस्कार सिकाउन अनुरोध एवम् प्रोत्साहित गरिनेछ।

११.३ विवाह, व्रतवन्ध, भोजभतेर, बनभोज तथा पार्टी प्यालेसमा खाना फाल्नेलाई नियमन गर्न कार्यविधि बनाई लागु गरिनेछ। यसको लागि विद्यालय तथा टोलस्तरमा खाद्य सुरक्षा, खाद्य संस्कार (बानी) सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

११.४ आयोजकलाई स्वागतद्वारमै खाना नफाल्न अनुरोध गरिएको तुल, ब्यानर वा सूचना राख्न अनुरोध गरिनेछ।

११.५ सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान तथा गुट्खा सेवन गर्न बन्देज लगाईनेछ । नागरिकको स्वास्थ्यमा प्रतिकुल असर पार्ने खाद्य तथा पेय पदार्थको बिक्री वितरण तथा विज्ञापन गर्नेलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।

## १२ उद्योग व्यवसाय, उद्यमशीलता विकास, रोजगार तथा आयआर्जन

१२.१ कालिका नगरपालिका क्षेत्रमा घोषणा गरिएको औद्योगिक क्षेत्रलाई सञ्चालनमा ल्याउन संघ/ प्रदेश सरकारसंग समन्वय र निजीक्षेत्रसँग सहजीकरण गरि अगाडि बढाईनेछ ।

१२.२ कालिका नगरपालिका क्षेत्र भित्रका उद्योग व्यवसायको सूचीकृत गरि उत्पादनको प्रवर्धन गर्न सहकार्य गरिने छ । उत्पादन वृद्धि तथा प्रशोधनका लागि संस्था र पालिकाको सहकार्यमा प्रविधिमा अनुदान उपलब्ध गरिनेछ ।

१२.३ स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी स्थानीय तथा क्षेत्रीय विकासमा उद्यमशिलता क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

१२.४ कालिका नगरपालिका वडा न. २ मा सिकाई केन्द्र स्थापना गरि नगर क्षेत्रका कार्यक्रमलाई सोहि स्थानमा संचालन गर्ने गरि व्यवस्था मिलाईनेछ |

१२.५ आगामी वर्षमा ५०० जना युवा युवती विपन्न र बेरोजगार व्यक्तिहरुलाई उद्यमी बनाउने गरी सीप, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.६ मेड्पा मोडेलमा नया उद्यमी सृजना तथा स्तरउन्नतिका कार्यक्रम संचालन गरिने छ |

१२.७ सीप विकास प्राप्त गरी व्यवसाय सञ्चालन गरेका र पूँजीको अभावमा व्यवसाय सञ्चालन गर्न नसकेका व्यक्तिहरुलाई पुनर्ताजगी / स्तर उन्नतीका साथै समूहगत रुपमा बिऊ पुँजी उपलब्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.८ समुहगत प्रविधि हस्तान्तरण कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

१२.९ नगर क्षेत्रभित्र प्रशोधित उद्योग स्थापना गर्न जोड दिईने छ ।

१२.१० नवीनतम प्रविधि मार्फत उत्पादन गर्ने उद्योग व्यवसायलाई दिगो , सक्षम र भरपर्दो बनाई उत्पादकत्व वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

१२.११ स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको प्रचार प्रसार र बजारीकरणको लागि **कोशेली घर** व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

१२.१२ स्वरोजगारीको अवसर सिर्जना गर्न उद्योग व्यवसायमा सिर्जनशील युवा प्रतिभालाई आकर्षित गर्न उद्यमशीलता विकास तथा कुशल उद्यम व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका कृयाकलापलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१२.१३ नगर भित्रका व्यापारी व्यवसायीहरुको छाता संगठन कालिका उद्योग वाणिज्य संघ गठन गरि उधोगी व्यवसाय संग समन्वयात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२.१४ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ । नगरपालिकावाट विनियोजित बजेट कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आवश्कता अनुसार संयोजन गरी प्रभावकारी कार्यान्वयनमा जोड गरिनेछ ।

## १३ सहकारी

१३.१ बचत तथा उद्यममा लगानी गर्ने बानी बसाउन गाँउमा छरिएर रहेको पूँजी सङ्कलन, परिचालन तथा वित्तीय साक्षरता बढाउन सहकारी संस्थाहरुको दर्ता अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ। सहकारीलाई कृषि, उद्यम तथा व्यवसाय गर्न **किसानको साथी**को रुपमा विकास गरिनेछ।

१३.२ सहकारी दर्ता अनुगमन र नियमन कार्यलाई बढी प्रभावकारी बनाईने छ। **सहकारी सहकारी बीच एकीकरण** गर्ने कार्यलाई प्राथमीकता दिईनेछ|

१३.३ सहकारी सस्थाको कारोवार प्रणालीलाई व्यवस्थित गर्ने कोपोमिसलाई अनिवार्य गरिने छ। हरेक सहकारीले आ-आफ्ना विवरण कम्प्युटरमा अनिवार्य राख्ने व्यवस्था मिलाईने छ।

१३.४ सहकारी / सहकारी बीच समन्वय र सहकार्यको वातावरण मिलाईने छ।

१३.५ वित्तीय सुधार तथा आय आर्जनमा सहकारीको लगानी केन्द्रित रहन उद्यमशिलतामा जोड दिइनेछ।

१३.६ सहकारीका व्यवस्थापक तथा संचालकहरुलाई समसामयिक बिषयमा तालिम उपलब्ध गराईने छ|

## १४ पूर्वाधार विकास

१४.१ नगरपालिकाको पूर्वाधार क्षेत्रमा गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको योजना बैंक किताब प्रकाशन गरि अल्पकालिन,मध्यमकालिन तथा दीर्घकालीन महत्वको गुरु योजनाहरुलाई प्रथामिकीकरण गरि योजना कार्यक्रमहरु संचालन गर्ने रणनीति लिइनेछ।सोहि अनुरुप बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ।

१४.२ कालिका नगरपालिकाबाट जारी भएको सडक सम्बन्धी मापदण्ड, नेपाल सडक स्ट्याण्डर्ड २०७० अनुसार सडकको विस्तारको नीति अवलम्बन गरिनेछ।

१४.३ नगरपालिकाको मुख्य सडक खोलेसिमल बजार हुँदै शक्तिखोर बजार सम्म जोड्ने सडक, १ नं सडक, सिमाना सडक, ९ नं. सडकलाई फराकिलो र सबलिकरण गर्ने कार्याक्रमलाई निरन्तरता दिईनेछ। यसै गरि अन्य मुख्य र शाखा सडकहरुलाई पनि स्तरोन्नती गरिनेछ साथै मापदण्ड नपुगेका भित्रि बाटोहरुमा ढलान गर्ने वा इन्टरलक टाईलको निर्माण कार्य अघि बढाईनेछ।

१४.४ बढ्दो जनघनत्व र शहरिकरण उन्मुख नगर क्षेत्रका मुख्य सडक तथा धार्मिक तथा पर्यटन मार्गहरुमा जि.पी.एस. प्रणालीमा आधारित घर न. नामाकरण गर्ने तथा मार्ग दर्शाउने सूचना तथा सडक सावधानि बोर्ड तथा संकेत चिन्ह राख्ने कार्यक्रम संचालन गरि निरन्तरता दिने ब्यवस्था गरिनेछ।

१४.५ कालिका नगरपालिकाको वडा नं ८,९,१० र ११ को पहाडी बस्तीमा खानेपानी र सरसफाईको हालको अवस्था मध्यनजर गरि स्वच्छ खानेपानी सेवाको पहुचमा अभिवृद्धि गर्न पूर्वाधार निर्माण गरिनेछ।

१४.६ एक घर एक धाराको अवधारण सहित खानेपानी विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४.७ कृषि क्षेत्रको प्रबर्धनलाई सतही सिंचाईलाई प्राथमिकता राखी पक्कि सिंचाई कुलो निर्माण गरिने योजनाहरु संचालन गरिनेछ साथै सतही सिंचाई सुबिधा नहुने क्षेत्रमा भूमिगत सिंचाई बोरिंग निर्माण कार्य तथा च्यामबार विस्तार कार्यलाई निरन्तरता दिईनेछ। स्यालो तथा डिप बोरिंग योजनाहरु प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट संचालन गरिनेछ।

१४.८ टुक्रे र सानो सानो योजनाहरुले सोचे अनुरुप लक्ष्य प्राप्त नहुनाले ठूला र नगरले गौरब गर्ने खालका योजनाहरु संचलानमा जोड दिईनेछ।

१४.९ बीस लाख रकम भन्दा माथिको योजनाहरु, सडक कालोपत्रे र भवन निर्माण जस्ता जटिल उपकरण तथा प्राविधिक सिप चाहिने योजनाहरु प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट संचालन गरिनेछ।

१४.१० दिगो पूर्वाधार विकासका लागि मर्मत संभार कोषको व्यवस्था गर्ने नीति अवलम्बन गरिने छ।

१४.११ लाभग्राही तथा उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने कार्य सुचारु गरिनेछ।

१४.१२ खोला नाला बाट विपद जोखिम निम्ताउन सक्ने सम्भावित क्षेत्रमा नदी नियन्त्रणको कार्यक्रम संचालन गरिनेछ।

१४.१३ सडक वत्तीलाई व्यवस्थीत रुपले सन्चालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४.१४ टोल विकास संस्था मार्फत विकास निर्माण कार्य हुने व्यवस्था तथा सम्वन्धीत टोल विकास संस्थालाई विकासको कार्यमा अपनत्व वहन हुने हिसावले कार्य सन्चालनको परिपाटी विकास गर्दै लगिनेछ।

१४.१५ कालिका नगरपालिका भित्रका सडकहरु मर्मत सम्भार गर्न **सडक मर्मत सम्भार कोष** को लागि बजेट विनियोजन गरि बार्षिक योजना बनाई मर्मत सम्भार गर्ने नीति लिइने छ।

## १५ स्थानीय भू-उपयोग, भवन तथा बस्ती विकास

१५.१ भु उपयोग नीति र मापदण्डको प्रभावकारी कार्यन्वयन गरिनेछ। भुउपयोग योजना अनुसार वस्ती विकास साथै पूर्वाधार विकास गर्ने नीति लिनइने छ।

१५.२ नगरपालिका क्षेत्र भित्र भवन तथा संरचना निर्माण गर्दा नक्सा पासलाई कडाई साथ लागु गरिनेछ। नक्सा पास प्रविधि मैत्री बनाई अनलाइन घर नक्शापासको व्यवस्था (ई-विपिएस) व्यवस्था सन्चालन साथै नक्सा पास भएको कागजातहरुलाई डिजिटाइजेशन गरी सुरक्षित राख्ने व्यवस्था गरिनेछ।

१५.३ नगरपालिका घोषणा हुनु पूर्व नक्सा पास नगरी तथा दर्ता नभएको घरलाई र नगरपालिका घोषणा भएपछि पनि नक्सा पास नभएको घरहरुलाई घर दर्ता गर्ने प्रयोजनका लागि भवन अभिलेखीकरण / नियमित आवश्यकता मध्यनजर गरी नक्शा पास गर्ने व्यवस्था गरिनेछ।

१५.४ भवन संहिता पालनाको लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५.५ नगरपालिका क्षेत्रको भु उपयोग नक्शाङ्कन कार्य र कित्तागत विवरण तयार गरी जग्गा वर्गिकरण गरिनेछ। र सोही अनुसार योजना कार्यक्रमहरु कार्यान्वयन गरिनेछ। कृषि क्षेत्रमा जग्गा वर्गिकरण भएका कृषकहरुलाई कृषि तथा पशु पालन सम्वन्धी अनुदानमा प्रार्थमिकता दिइने कार्यक्रमलाई निरन्तरता गरिनेछ।

१५.६ जग्गाको उचित उपयोग र वैज्ञानिक तवरले व्यवस्थापनको लागि जग्गा विकास सम्वन्धी कार्यविधि/ निर्देशिका लागु गरिनेछ।साथै उचित तवरले राजश्वका दरहरु निर्धारण गरिनेछ।

१५.७ कालिका नगरपालिका क्षेत्र वसोवास गर्ने भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत कायम भएका व्यक्तिहरुलाई भूमि आयोगसंग समन्वय गरी नियमानुसार लालपूर्जा उपलव्ध गराइनेछ।

१५.८ सरकारी रकमवाट निर्माण हुने सवै भवनहरु तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रुपमा वालमैत्री र अपांग मैत्री वनाउनु पर्ने नीति लिइनेछ।

## १६ वन, वातावरण, विपद् व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापन

### वन

१६.१ कलिका नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका वन ( सामुदायिक, कबुलियती, निजी आदी ) लाई नियमन र व्यवस्थापन गरिने छ। यसका लागी नगरस्तरीय सामुदायिक एवं अन्य बन उपभोक्ता महासङ्घको गठन गरी गरिनेछ।

१६.२ सबै प्रकारका वन ( सामुदायिक, कबुलियती, निजी आदी ) को संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गरिने छ।

१६.३ वन क्षेत्रको विकास र संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ।

१६.४ सामुदायिक वनमा फलफूल तथा जडिबुटी खेती पर्वर्धन गरी सङ्कलन, प्रसोधन र बजारिकरण व्यवस्थापन कार्यक्रमका साथै आय आर्जन तथा जिविकोपार्जन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ।

१६.५ कलिका नगरपालिका क्षेत्रभित्रका सवै प्रकारका सार्वजनिक जमिनहरू संरक्षण तथा उपयोग नीति लिइनेछ।

१६.६ वन कार्ययोजना पुर्व स्वीकृति र स्वीकृत कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने ब्यवस्था गरिनेछ।

### वातावरण

१६.७ "स्वच्छ कालिका, हरित कालिका" नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण,पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग मार्फत आय आर्जन,उपयोग, रोजगारी सिर्जनागर्ने गरी हरित अर्थतन्त्रको नीति लिइनेछ।

१६.८ वातावरण मैत्री पूर्वाधार विकासमा जोड दिइनेछ। नगर गौरव तथा नगरस्तरीय पूर्वाधारहरूको विकास गर्दा वातावरणीय अध्ययन एवं निर्मित पूर्वाधारहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो का आधारमा वातावरण संरक्षण गर्ने नीति लिइनेछ।

१६.९ विषादी तथा प्लास्टिक जन्य सामग्री प्रयोगमा न्यूनिकरण गर्ने नीति लिइनेछ।

१६.१० भूक्षय नियन्त्रण र पानीका श्रोतहरू संरक्षण गर्न जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने नीति लिइनेछ। कृतिम ताल तलैयाहरू विकास सँगै जमिनमा पानी रिचार्ज गर्ने प्रणालीको विकास गर्ने नीति लिइनेछ।

१६.११ कालिका न.पा. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन - २०८१ को प्रावधान बमोजिम सबै सरोकारवाला निकाय, निजी क्षेत्र तथा कार्यक्रम सञ्चालकले सञ्चालन पूर्व वातावरणीय अध्ययन स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने वा अनुमति प्रदान गर्ने नीति लिइनेछ।

१६.१२ सफा उर्जा र सफा उर्जा सँग सम्बन्धित सामाग्रीहरू प्रयोगमा अनुदान एवं साझेदारी कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था गरिनेछ।

१६.१३ पशुपालन गर्ने किसानहरूलाई बायोग्यास निर्माण गरी शौचालय समेत जोड्ने कार्यमा प्रोत्साहन गरी अनुदान समेतको ब्यवस्था गर्ने नीति लिइनेछ।

## खानेपानी तथा सरसफाइ

१६.१४ कलिका नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका खानेपानी तथा सरसफाइ संस्था / समितिहरू नियमन र व्यवस्थापन गरिनेछ। यसका लागी नगरस्तरीय खानेपानी बोर्ड गठन गरिनेछ।

१६.१५ सबै प्रकारका खानेपानी तथा सरसफाइ संस्था / समितिहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गरिने छ। खानेपानी श्रोत संरक्षण तथा योजनाहरूमा दिगो सुरक्षित पिउने पानी उपलब्ध गराउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ।

१६.१६ खानेपानी परिक्षण प्रयोगशालालाई व्यवस्थित गरी खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि बमोजिम गुणस्तर परीक्षण सेवा सञ्चालन गरिनेछ।

१६.१७ खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रम मार्फत स्वच्छ, सफा र वातावरण मैत्री र बालमैत्री कालिका नगरपालिका बनाउने नीति लिइनेछ।

### विपद् व्यवस्थापन

१६.१८ बाढि जन्य विपद व्यवस्थापन सम्बन्धमा कयर खोलाबाट कालिका नगरपालिकाका वडा नं १ देखि ७ सम्मको उत्तरी जङ्गल सिमाना हुँदै सडक कोरिडर सहितको सिँचाइ नहर निर्माण गरी उल्लेखित क्षेत्रमा सतह सिँचाइ समेत व्यवस्थापन हुने एवं उत्तरी जङ्गल क्षेत्रबाट बस्ती तिर हुने वहाव समेत नियन्त्रण गरी  पश्चिम खगेरी खोलामा व्यवस्थापन गर्ने नीति लिइनेछ।

१६.१९ खगेरी खोला तथा थाङ खोलाको च्यानल सफाइ र चौडा गरी बहाव सहज बनाउने एवं सम्भावित विपद न्युनिकरण गर्ने नीति लिइने छ।

१६.२० कालिका नगरपालिकाका वडा नं ५, ४, ३ र २ क्षेत्रमा पर्ने थाङ खोला र कयर खोला समेतमा व्यवस्थित नदि नियन्त्रण कार्य गर्दै वुङखोला व्यवस्थापन गरी बाढी जन्य विपद व्यवस्थापन गर्ने नीति लिइनेछ।

१६.२१ नगर, तथा वडा स्तरीय विपद व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्ध गर्ने तथा कलिका नगरपालिका क्षेत्र का मुख्य खोलाहरूमा विपद पर्व सूचना प्रणाली जडान गरी बढि जन्य विपद व्यवस्थापन गर्ने नीति लिइनेछ।

१६.२२ बन डढेलो नियन्त्रण,  चट्याङ सुरक्षा, खडेरी, जङ्गली जनावर आतङ्क जस्ता विपद व्यवस्थापन सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।

१६.२३ नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई पूर्ण व्यवस्थापनका साथ सञ्चालन गरिने छ।

१६.२४ विपद पर्व तयारी एवं व्यवस्थापनका लागी आवश्यक उपकरण तथा सामग्रीहरूको भण्डारण गरिने छ।

१६.२५ प्रकृतिमा आधारित समाधानका उपायहरू अवलम्वन एवं यस सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।

१६.२६ नगरका ११ वटै वडाहरूमा समुदायस्तरमा, विद्यालयहरूमा विपद् न्यूनीकरण, प्रतिकार्य, खोज उद्धार सम्बन्धी सचेतना कार्यक्रम र सिमुलेसन अभ्यासहरू सञ्चालन गरिनेछ। सबै वडामा न्यूनतम विपद् खोजउद्धार तथा राहत सामाग्री मौज्दात राखिनेछ। विपद् उत्थानशिल योजनाको कार्यान्वयन गरिनेछ।

१६.२७ विपद व्यवस्थापन सम्बन्धमा मा सम्बन्धित सरोकार वाला एवं संस्थागत संरचनाहरूको क्षमता विकास एवं अभिमुखिकरण सम्बन्धी आवश्यक योजना कार्यक्रम तर्जुमा गरिने छ।

१६.२८ विपद् प्रभावितहरूलाई तत्काल राहत, पुनर्स्थापना तथा पुनर्निमाणका लागि विपद् व्यवस्थापन कोषको परिचालन गरिनेछ।

**फोहोरमैला व्यवस्थापन**

१६.२९ नगरपालिकाको फोहरमैला ब्यबस्थापनका लागी सामुदायिक बन सँगको सहकार्यमा फोहर मैला प्रसोधन प्रसोधन केन्द्र र ल्यान्डफिल साइटमा व्यवस्थापन गर्ने नीति लिइनेछ।

१६.३० नगरपालिकाको फोहरमैला ब्यबस्थापनका लागी सेवा प्रदायक नियुक्त गरि घर घर बाटै फोहर सङ्कलन गरी प्रसोधन गरी ल्यान्डफील साइटमा व्यवस्थित विसर्जन गर्ने नीति लिइनेछ।

१६.३१ कुहिने फोहरलाई उत्पादन हुने स्थलमै कम्पोष्टिङ प्रविधि अपनाई विसर्जन गर्ने र नकुहिने फोहर प्रसोधन केन्द्र र ल्यान्डफिल साइटमा व्यवस्थित गरी फोहरमैला व्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ।

१६.३२ नगरपालिकाका हरेक नागरिक तथा सरोकारवलालाई श्रोतमा नै फोहर वर्गीकरण एवं न्यूनिकरण सम्बन्धी क्षमता विकास एवं अभिमुखिकरण सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

१६.३३ फोहरमैला व्यवस्थापन कार्यमा टोल विकास समिति परिचालन गरी प्लास्टिक जन्य फोहर प्रसोधन प्रबिधीको स्थापना, कुहिने फोहर कृषि प्रयोजनका लागी उपयोगी बनाउने नीति लिइनेछ।

## १७ जनशक्ति व्यवस्थापन, सूचना प्रविधि तथा विद्युतीय शासन

१७.१ नेपालको संविधान र प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त अधिकार र कार्य जिम्मेवारीलाई छिटो, छरितो र प्रभावकारी बनाई नगरबासीलाई अनुभुत हुने गरी काम गर्न सक्ने गरी जनशक्ति प्राप्ति, क्षमता विकास र सूचना प्रविधिको उपयोग गरिनेछ।

१७.२ नगरपालिकालाई सूचना, सञ्चार र ईन्टरनेटेको प्रभावकारी व्यवस्थापन मार्फत प्रविधि मैत्री बनाउँदै सेवा प्रवाहमा सहजता ल्याईने छ भने, सूचना प्रवाह र पारदर्शीता मार्फत पालिकालाई शुसासनमा अब्वल बनाईने छ।

१७.३ डिजिटल शहरी सुरक्षा प्रणालीका लागि जडान भएका सिसिटिभी चुस्त-दुरुस्त राख्न दीर्घकालीन रुपमा मर्मत संभार, आवश्यकता अनुसार थप गर्ने तथा upgrade (OLTs System) लगायतका कार्य गर्ने आवश्यक प्रबन्धलाई निरन्तरता दिईनेछ।

१७.४ नगरपालिकालाई प्रविधि मैत्री बनाउँदै सेवा प्रवाहमा सहजता ल्याउन सफ्टवेयर जडान तथा सञ्चालनका लागि पहल गरिनेछ।

१७.५ नगरपालिका र वडा कार्यालयहरुमा रहेका डिजिटल डिस्पेले वोर्डलाई upgrade गरि निरन्तरता दिन आवश्यक पहल गरिनेछ।

१७.६ नगरपालिकाको गतिविधि, सूचना तथा जनचेतनामुलक सामाग्री प्रकाशन तथा प्रसारण गर्न स्थानीय सञ्चारमाध्यमहरूलाई प्राथमिकता दिई समन्वय तथा सहकार्य गरिनेछ । राष्ट्रियस्तर सञ्चारमाध्यमबाट प्रकाशन गर्नुपर्ने सूचना प्रकाशनका प्रतिस्पर्धाको आधारमा प्रकाशन तथा छनौट गरिनेछ।

१७.७ नगरको विकास र समृद्धिको लागि सङ्घीय सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति र छिमेकी स्थानीय सरकारहरूसँगको सम्बन्ध थप मजबुत बनाइनेछ । समयबद्ध प्रतिवेदन तथा औपचारिक अनौपचारिक भेटघाट, छलफल र अन्तरक्रिया गरी आपसी सम्वाद, समन्वय तथा सहकार्य परिणाममुखी बनाइनेछ।

## १८ <u>न्यायिक समिति र मेलमिलाप</u>

१८.१ नगरभित्रको विवाद नगरभित्रै समाधान गर्ने गरी न्यायिक समिति र मेलमिलाप केन्द्रबाट गरिने विवाद समाधान र मेलमिलापको कार्य विश्वसनीय, न्यायपूर्ण र प्रभावकारी बनाईनेछ।

१८.२ न्यायिक समितिको कार्य सम्पादन व्यवस्थित र सुदृढ ढङ्गबाट अगाडि बढाईने छ।

१८.३ न्यायीक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलापकर्तालाई आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय सम्पादन गर्नका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम ,आधारभूत तालिम, क्षमता अभिबृद्धि सम्बन्धी तालिम पुनर्ताजगी तालिम सञ्चालन गरिने छ ।

१८.४ न्याय सम्पादनलाई व्यवस्थित बनाउन आफ्नै नयाँ प्रशासनीक भवनमा न्यायिक इजलास तयार गरिने छ।

१८.५ मेलमिलाप केन्द्र अनुगमन कार्य सञ्चालन गरिने छ।

१८.६ अभिलेख/ मिसिल व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिने छ।

१८.७ प्रत्येक विद्यालयमा गुनासो सुनुवाई समिति र कानूनी साक्षरता सम्बन्धमा कार्यक्रम सञ्चालन गरिने छ।

१८.८ नगरस्तरीय अन्तर्क्रिया कार्यक्रम न्यायिक समिति, मेलमिलाप केन्द्र, टोल विकास संस्था, ईलाका प्रहरी लगायतको सहभागितामा तालिम सञ्चालन गरिने छ।

१८.९ अन्य स्थानीय तहले कार्यान्यनमा ल्याएका असल अभ्यासलाई हाम्रो नगरपालिकामा समेत लागू गर्ने प्रयोजनका लागि न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

## १९ राजश्व सम्बन्धी

१९.१ प्रोत्साहन छुट: प्रथम त्रैमासिकभित्र राजस्व भुक्तानी गर्ने करदातालाई सम्पत्ति कर, भूमिकर, व्यवसाय कर तथा घरभाडा करमा छुट प्रदान गरिनेछ।

१९.२ असल करदाताको पहिचान: समयमै कर तिर्ने असल करदातालाई वडा कार्यालयबाट राजस्व बुझाएकै बखतमा विशेष स्टिकर वितरण गरिनेछ।

१९.३ स्मार्ट प्रणालीको प्रयोग: राजस्व संकलनलाई नेपाल सरकारबाट सञ्चालित शुत्र राजस्व मोड्युल प्रणालीमा रूपान्तरण गरिनेछ।

१९.४ नगद रहित कारोबार प्रवर्द्धन: QR कोड प्रविधिबाट कर भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ र नगद रहित कारोबारलाई प्राथमिकता दिइनेछ।

१९.५ करदाताको सम्मान: सबैभन्दा धेरै कर तिर्ने करदातालाई र वडागत रूपमा सार्वजनिक सम्मान गरिनेछ। नगरपालिका स्तरमा करदाता सम्मान नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ।

१९.६ दायरा विस्तार: कर प्रणालीको पहुँच बढाउन नयाँ व्यवसाय तथा घरधनीहरूलाई कर प्रणालीमा दर्ता गराउने अभियान सञ्चालन गरिनेछ।विज्ञापन कर तथा कवाडी कर र सरसफाई शुल्कलाई व्यवस्थित रुपमा राजश्व असुल गरिनेछ।

१९.७ सचेतना अभिवृद्धि: करप्रति नागरिकको जागरुकता बढाउन सूचना, शिक्षा र सञ्चार कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९.८ अनुगमन र मूल्यांकन: कर संकलनको प्रक्रिया पारदर्शी बनाउन नियमित अनुगमन र मूल्यांकन प्रणाली लागू गरिनेछ।

१९.९ सूचना प्रविधिको अधिकतम उपयोग: राजश्व अभिलेख तथा अभिलेख व्यवस्थापनमा डिजिटल प्रणालीको उपयोग गरिनेछ।कर बुझाएपछि करदालाई धन्यवाद सहितको म्यासेज जाने प्रणालीको व्यवस्था गरिनेछ।

१९.१० उत्पादनमूलक कृषि तथा पशुजन्य साना व्यवसायमा कर छुट: स्थानीय उत्पादन तथा स्वरोजगार प्रवर्द्धनका लागि कृषि तथा पशुजन्य साना व्यवसायहरूमा लाग्ने करलाई क्रमशः घटाउँदै शून्य कर नीति अपनाइनेछ।

१९.११ समन्वय र सहकार्य: वडा तथा नगरस्तरमा रहेको समितिहरू, सरोकारवाला निकायहरू, बजार व्यवस्थापन समितिहरु तथा नागरिक समाजसँग समन्वय र सहकार्यमा आधारित भई कर सम्बन्धि विभिन्न कार्यहरु कार्यान्वयन गरिनेछ।

१९.१२ क्षमता अभिबृद्धि:- राजश्व सम्बन्धि कार्य गर्ने नगर तथा वडाका कर्मचारीहरुलाई समायानुकुल क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ।साथै जनप्रतिनिधी ज्यूहरुलाई पनि राजश्व सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

१९.१३ सम्भाव्य करदाताको लगत संकलन:-यो आर्थिक वर्षमा कुनै एक वडा छनोट गरी सम्भाव्य करदाताहरुको लगत संकलन गर्ने कार्य गरिनेछ ।

## २०    आर्थिक प्रशासन र लेखा परीक्षण

### आर्थिक प्रशासन र लेखा प्रणाली सुदृढीकरण

२०.१ नगरको सम्पूर्ण आर्थिक प्रशासन प्रणाली व्यवस्थित र पारदर्शी बनाइनेछ।

२०.२ आन्तरिक लेखापरीक्षणलाई नियमित, स्वचालित र जोखिममा आधारित बनाइनेछ।

२०.३ आन्तरिक नियन्त्रण प्रणालीलाई समयानुकूल परिमार्जन गर्दै डिजिटल उपकरणहरू प्रयोग गरिनेछ।

### बजेट योजना र कार्यान्वयन

२०.४ बार्षिक बजेट समयमै पारित गरी कार्यान्वयनको लागि स्पष्ट माइलस्टोन सहितको कार्ययोजना तयार गरिनेछ।

२०.५ कार्यक्रम संसोधन र रकमान्तर नगर सभावाट मात्र गरिनेछ।

२०.६ गैह्र नाफामुलक संघ संस्थामात्र अनुदान दिईनेछ।

२०.७ योजना तर्जुमा तथा कार्यान्वयनमा टुक्रे योजनालाई निरुत्साहित गरिने छ।

२०.८ बजेट कार्यान्वयनमा हुने ढिलाइलाई न्यूनीकरण गर्न कार्यसम्पादन करार गरी शाखा प्रमुखलाई जिम्मेवारी बनाइनेछ।

२०.९ नगरपालिकाको खाताबन्दी जेष्ठ मसान्त भित्र गर्ने गरी कार्ययोजना बनाई खर्च गरिनेछ।

### सार्वजनिक खरिद तथा उपभोक्ता समिति सुधार

२०.१० सार्वजनिक खरिद नियमावली तर्जुमा गरी सबै खरिद कार्य विद्युतीय प्रणाली (E-Bidding) मार्फत गरिनेछ।

२०.११ उपभोक्ता समितिहरूलाई प्यानमा दर्ता गराई कर प्रणालीमा समावेश गरिनेछ।

२०.१२ नगरपालिकाको सम्पूर्ण खरिदहरु खरिद इकाई मार्फत एकद्वार प्रणालीबाट गरिनेछ।

२०.१३ उपभोक्ता समितिलाई अभिमुखिकरण तथा तालिम दिईनेछ।

### विद्युतीय कारोबार र अभिलेख व्यवस्थापन

२०.१४ विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत नगद रहित कारोबारलाई प्राथमिकता दिइनेछ।

२०.१५ सम्पूर्ण आर्थिक कारोबारहरू सुरक्षित र व्यवस्थित(चुस्त दुरुस्त) राखिनेछ।

२०.१६ सवारीको इन्धन तथा मर्मतलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ।

### पारदर्शिता र सामाजिक उत्तरदायित्व

२०.१७ बजेट, खर्च तथा आयोजना विवरणहरू नियमित रूपमा वेबसाइट, सूचना पाटी, सार्वजनिक सुनुवाइ तथा अन्य माध्यमबाट प्रकाशित गरिनेछ।

२०.१८ बजेट र खर्च प्रतिवेदनहरू जनतासँग प्रत्यक्ष रूपमा सार्वजनिक गरिनेछ।

२०.१९ नगरपालिकाको समग्र आम्दानी खर्च Website, facebook पेज मार्फत मासिक प्रकासन गरिनेछ।

## लेखापरीक्षण तथा जोखिम व्यवस्थापन

२०.२० सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, योजना उपभोक्ता समिति आदिको लेखापरीक्षण व्यवस्थित गरिनेछ ।

२०.२१ वित्तीय जोखिम मूल्याङ्कनको आधारमा लेखापरीक्षण प्रणालीको विकास गरिनेछ ।

२०.२२ वेरुजुको नियमित मूल्याङ्कन गरिनेछ र वेरुजु न्यूनीकरणको स्पष्ट योजना बनाइनेछ ।

२०.२३ कर्मचारी क्षमता विकास तालिम र जनप्रतिनिधिको अभिमुखिकरणद्वारा शून्य वेरुजु नीतिलाई कार्यान्वयन गरिनेछ ।

२०.२४ शून्य वेरुजु भएका पालिकाहरूका असल अभ्यासहरूको सिकाइ गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत् नीति तथा कार्यक्रमको तर्जुमाको क्रममा सामाजिक सञ्जाल, इमेल, पत्राचार, अन्तर्क्रिया कार्यक्रम, क्षेत्रगत सरोकारवालाहरुसँगको बैठकवाट र प्रत्यक्ष भेटघाट गरी आफ्नो अमुल्य राय, सुझाव, दिनु हुने नगरबासीहरु, नागरिक समाज, उद्योगी, व्यवसायी, सामुदायिक वन, टोल विकास संस्थाका प्रतिनिधिहरु, खानेपानी संस्था, सामुदायिक विद्यालयहरु, गैरसरकारी संघ सस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु सवैलाई धन्यवाद तथा आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत तपाईंहरुको साथ सहयोग सहकार्य र रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट नगरको आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना, उत्पादन वृद्धि हुनुका साथै दिगो पूर्वाधार निर्माण भई आर्थिक सामाजिक रुपान्तरण हुने अपेक्षा गरेको छु ।

**धन्यवाद !**